# शैक्षिक समाचार

जि.शि.का. म्याग्दीको

## समाचार बुलेटिन

२०७१ मंसिर/पुष वर्ष ७ अङ्क १


## सम्पादकीय

वर्तमान समयमा शिक्षाका लागि सरकारी लगानी र अभिभावकको चासो बृद्धि हुँदै गइरहेको छ । सरकारले हरेक नागरिक सक्षम, योग्य र उत्पादनमूखि होउन भन्ने चाहन्छ भने अभिभावकहरुले पनि आफ्ना सन्तानहरु कुशल, क्षमतावान् र राष्ट्रिय तथा अन्तरराष्ट्रिय बजारमा रोजगार प्राप्त गर्न सक्ने होउन् भन्ने चाहनु स्वभाविकै हो । यी सबै अपेक्षाहरु समसामयिक शिक्षाबाट मात्र पुरा हुन सम्भव छ । बदलिदो सामाजिक, आर्थिक तथा प्राविधिक विस्तारले मानिसले आफ्नो व्यवहारमा पनि परिवर्तन गर्दै गएको छ । समाजमा हुने परिवर्तन सँग मेल खाने ज्ञान, सीप, र अभिवृत्ति विकास गर्नु अहिलेको आवश्यकता हो । यो आवश्यकताको परिपुर्ति शिक्षाबाट नै हुने हुँदा शिक्षा क्षेत्रमा पनि पविर्तन हुने नै भयो । शिक्षामा परिवर्तन हुनु भनेको शिक्षा भित्र नयाँ नयाँ ढाँचा तथा प्रविधिको शुरुआत तथा थप कार्यक्रमहरुको खोजी र कार्यान्वयन हुनु हो ।

छिटो भन्दा छिटो परिवर्तन भइरहने समाजमा टिक्न तथा प्रगति गर्न आवश्यक आधार उपयुक्त शिक्षाबाट मात्र सम्भव भएको अवस्थामा शिक्षाको अवसर सबैलाई हुनु आवश्यक छ । यसका लागि आर्थिक, सामाजिक, तथा सांस्कृतिक हिसाबले पछि परेका र शिक्षाको मूल धारमा आउन कठिन परिस्थिति भएका बालबालिकाहरुलाई लक्षित गरि शैक्षिक लगानीका कार्यक्रमहरु लागु गर्न आवश्यक भएको सन्दर्भमा सरकारबाट विद्यालयको विकास तथा विद्यार्थी प्रोत्साहनका लागि बजेट तथा कार्यक्रमको व्यवस्था भएको छ । यसरी प्राप्त हुने कार्यक्रमले विद्यालयमा विद्यार्थीहरुको पहुँच सुनिश्चित गर्न, विद्यार्थीहरुलाई विद्यालयमा टिकाई राख्न, एवं गुणस्तरिय शिक्षामा प्रवर्धन गर्न सहयोग पुऱ्याइरहेको अवस्था छ । यस पटक पनि शिक्षा विभागबाट प्राप्त कार्यक्रम अनुसारको रकम विद्यालयहरुबाट प्राप्त तथ्याङ्क बमोजिम पठाइएको छ । जि.शि.का. बाट प्राप्त निर्देशन बमोजिम विद्यालयहरुबाट समयमै कार्यान्वयन हुनेछ भन्ने अपेक्षा लिइएको छ । यसरी प्राप्त रकमलाई लक्षित समूह/कार्यक्रममा नियमानुसार परिचालन गर्न र सरोकारवाला पक्षलाई समयमै सूचित गरि सो को पृष्ठपोषण सहितको प्रतिवेदन यस कार्यालयमा समयमै प्राप्त हुने छ भन्ने आशा समेत जिल्ला शिक्षा कार्यालय, म्याग्दीले राखेको छ ।

## जिल्ला गतिविधि

- जिल्लास्थित सबै स्रोतकेन्द्रका स्रोतव्यक्तिहरूका लागि मिति २०७१।८।२ गते एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली IEMIS सम्बन्धी १ दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा सो सम्बन्धी सहजीकरण कार्यालयका कम्प्युटर अपरेटर विक्रम रिजालबाट भएको थियो ।
- मिति २०७१।८।३ गते जिल्लास्थित सबै स्रोतकेन्द्रका स्रोतव्यक्तिहरूका लागि नवप्रवेशी शिक्षकहरूका लागि सेवाप्रवेश तालिम सम्बन्धी १ दिने अभिमुखीकरण सम्पन्न भयो । सो कार्यक्रमको सहजीकरण विद्यालय निरीक्षक दलबहादुर थापामगरबाट भएको थियो । नवप्रवेशी शिक्षकहरूका लागि सेवाप्रवेश तालिम जिल्लास्थित ५ वटा स्रोतकेन्द्रहरुमा मंसिर २० गतेभित्र संचालन हुदैछ ।
- जिल्ला स्थित सम्पूर्ण सामुदायिक विद्यालयहरुको पहिलो निकासा पठाइएको छ । सम्पूर्ण विद्यालयहरूको विद्यालयगत निकासा पत्र स्रोतव्यक्तिहरूमार्फत विद्यालयमा पठाइएको छ । पहिलो चौमासिक निकासाको विवरण अर्को पेजमा राखिएको छ ।

## जिल्ला स्थित सम्पूर्ण विद्यालयहरुको लागि जिल्ला शिक्षा कार्यालयको अत्यन्त जरुरी सूचनाहरु :

### सूचना तथा निर्देशन

१. विगतका वर्षहरूमा फ्लास फारामका माध्यमबाट विद्यालयको २ पटक तथ्याङ्कहरू संकलन गरिंदै आएकोमा यस आर्थिक वर्षमा IEMIS Software को माध्यमबाट विद्यालयको सम्पूर्ण विवरण संकलन गरिने र सो तथ्याङ्कका आधारमा विद्यालयको निकासा लगायतका सम्पूर्ण कार्यहरु संचालन गरिने हुँदा सम्पूर्ण विद्यालयहरूले सम्बन्धित स्रोतव्यक्ति तथा कार्यालयबाट उक्त सफ्टवेयर लिइ Update गरेर मंसिर मसान्तभित्र यस कार्यालयमा अनिवार्यरुपमा बुझाउनुहुन सवै विद्यालयहरूलाई अनुरोध छ । साथै सो समबन्धी कार्य गर्नका लागि पहिलौ चौमासिकमा विद्यार्थी संख्याको आधारमा अनुदानसमेत पठाइएको जानकारी गराइन्छ ।

२.क. विद्यालय कर्मचारीका लागि कूल निकासा रकमको ५० प्रतिशत रकम निकासा गरिएको छ । निकासा भए अनुसार कर्मचारीहरूको तलवभत्ता भुक्तानी गर्नुहुन अनुरोध छ ।

ख. ECD सहयोगी कार्यकर्ताको पारिश्रमिक रु ३००० का दरले ६ महिनाको हुन आउने रकम निकासा गरिएको छ ।

ग. स्रोतव्यक्तिहरूको सट्टामा रहेका शिक्षकहरूका लागि कार्तिक महिनासम्मको तलव भत्ता निकासा गरिएको छ ।

घ. दलित छात्रवृत्ति आधारभूत र माध्यमिक दुवै तहको निकासा गरिएको छ । निकासा भए अनुरुप वितरण गरी सो को विवरण कार्यालयमा पेश गर्नुहुन अनुरोध छ ।

ङ. आधारभूत तहमा अध्ययनरत सवै छात्राहरुका लागि छात्रा छात्रवृत्ती निकासा गरिएको छ ।निकासा भए अनुरुप वितरण गरी सो को विवरण पेश गर्नुहुन अनुरोध छ ।

च. माध्यमिक शिक्षा छात्रवृत्ती निकासा गरिएको छ । उक्त छात्रवृत्ती कक्षा ७ देखि १० सम्ममा अध्ययनरत छात्रछात्राहरूलाई उपलब्ध गराउनुपर्नेछ । कुनै कक्षामा एकपटक यस किसिमको छात्रवृत्ती पाइसकेको विद्यार्थीलाई कक्षा १० सम्म यो छात्रवृत्ती निरन्तररुपमा दिनुपर्नेछ । तर छात्रवृत्ति उपलब्ध गराउँदा विद्यालयमा ८० प्रतिशत हाजिरी नहुने र कक्षा उत्तीर्ण नहुने विद्यार्थीलाई निरन्तरता नदिने । छात्रवृत्ती पाउने विद्यार्थी मध्ये अनिवार्यरुपमा दुइ तिहाइ छात्राहरू हुनुपर्ने । कोटा रिक्त भएमा वा कक्षा १० उत्तीर्ण भएपछि उक्त कोटामा नयाँ विद्यार्थी छनोट गर्दा कक्षा ७ मा अध्ययनरत आर्थिकरुपले विपन्न, सामाजिक रुपमा पछाडि परेका समुदायका परिवारका बालबालिकाहरूलाई पहिलो प्राथमिकता दिइ छनोट गर्ने । यो छात्रवृत्तिको रकम रु १७०० रहेको छ । साथै बैंक सुविधा भएका स्थानहरूमा विद्यालयबाट विद्यार्थीको नाममा व्यक्तिगत खाता खोल्ने व्यवस्था मिलाइ बैंकमार्फत छात्रवृत्ती भुक्तानी दिने व्यवस्था मिलाउने । यसरी छात्रवृत्ति वितरण गरिसकेपछि सो को विवरण अनिवार्यरुपमा कार्यालयमा पेश गर्ने ।

छ. छात्रवृत्ति वितरण गर्दा कुनैपनि छात्रवृत्ति दोहोरो नपर्ने गरी वितरण गर्ने व्यवस्था मिलाउने । साथै विद्यालय व्यवस्थापन समितिले शिक्षक, शिक्षक अभिभावक संघसमेतको सहभागिता एवम् संलग्नतामा विद्यालयमा उपलब्ध छात्रवृत्ती अनुदानमध्येबाट विद्यालय व्यवस्थापन समितिले निश्चित आधारहरू तय गरी छात्रवृत्ति पाउने बालबालिकाहरूको नामावलीसहितको विवरण विद्यालयको सूचना पाटीमा अनिवार्यरुपमा टाँस्ने व्यवस्था मिलाउने ।

ज. विद्यालय संचालन मसलन्दका लागि यस आ व मा प्राथमिक विद्यालयका लागि रु १२०००, निम्न माध्यमिक विद्यालयका लागि रु १५००० र माध्यमिक तथा उच्च माध्यमिक विद्यालयका लागि रु २४००० का दरले विनियोजन भएकोमा पहिलो चौमासिकमा ५० प्रतिशतले हुन आउने रकम निकासा गरिएको छ ।

झ. विद्यालयहरूलाई पिसिएफ का आधारमा **Non salary** अनुदान, विद्यालयका प्रत्येक तहका विद्यार्थी संख्याले उक्त प्रति विद्यार्थी अनुदान तह अनुसार गुणन गरी प्रति विद्यालयले पाउने एकमुष्ठ अनुदान मध्ये पहिलो चौमासिकमा ५० प्रतिशत अनुदान निकासा पठाइएको छ । उक्त रकम बालविकास केन्द्रको हकमा केन्द्र व्यवस्थापन सुधार तथा सिकाइ सामग्री व्यवस्थापनका क्षेत्रमा खर्च गर्ने र विद्यालयको हकमा विद्यालय व्यवस्थापन समितिको निर्णय बमोजिम विद्यालय सुधार योजना कार्यान्वयन, शैक्षिक सामग्री, विद्यालय शिक्षाको गुणस्तर सुधार, सामान्य मर्मत सुधार तथा **Book corner** तथा सिकाइ सामग्रीमा खर्च गर्ने ।

ञ. छात्रवृत्ति वितरण गर्दाको समयमा विद्यालय खुलेको दिनको कम्तिमा ८० प्रतिशत हाजिरी भएका छात्रछात्राहरूलाईमात्र दोहोरो नपर्ने गरी अभिभावकको रोहवरमा छात्रवृत्ति वितरणको व्यवस्था मिलाउने ।

ट. सामुदायिक विद्यालयहरूले शिक्षा ऐन, नियममा तोकिए अनुसार आर्थिक लेखापरीक्षण गराउने प्रयोजनका लागि विद्यालयहरुलाई प्रति विद्यालय रु १००० का दरले निकासा पठाइएको छ । विद्यालयहरूले अनिवार्यरुपमा नियमानुसार लेखा परीक्षण गरी सो को प्रतिवेदन यस कार्यालयमा पेश गर्ने ।

ठ. सम्पूर्ण विद्यालयहरूमा निकासा गरिएको रकमको विद्यालयगत निकासापत्र तयार गरिएको छ । उक्त निकासापत्र स्रोतकेन्द्रमार्फत सम्पूर्ण विद्यालयहरूले बुझिलिनुहुन अनुरोध छ ।

ड. जिल्ला स्तरीय परीक्षामा सम्मिलित हुने परीक्षार्थीहरूको विवरण जिल्ला शिक्षा कार्यालयले तोकेको ढाँचामा, जन्मदर्ता प्रमाणपत्रको आधारमा पछिसम्म फरक नपर्ने गरी **Hard copy** र **Electronic copy** तयार गरी मंसिर मसान्तभित्र अनिवार्यरुपमा यस कार्यालयमा पेश गर्नुहुन अनुरोध छ ।

ढ. सम्पूर्ण विद्यालयहरूले शिक्षक किताबखानाले तोकेको ढाँचामा स्थायी शिक्षकहरूको तलवी प्रतिवेदन फाराम भरी अनिवार्यरुपमा स्रोतकेन्द्रमा बुझाउनुहुनु अनुरोध छ ।

## स्थायी अध्यापन अनुमतिपत्र र शिक्षक बढुवाको विज्ञापन

१.स्थायी अध्यापन अनुमतिपत्रका लागि लिइने परीक्षाको विज्ञापन २०७१

विद्यालय तहमा अध्यापन गर्न इच्छुक व्यक्तिहरूलाई लिखित परीक्षाद्वारा स्थायी अध्यापन अनुमतिपत्र दिने प्रयोजनका लागि देहायको योग्यता पुगेका उम्मेदवारहरुबाट रितपूर्वक दरखास्त आव्हान गरिन्छ ।

| क्र सं | विज्ञापन नंवर | तह |
|---|---|---|
| १ | वि नं २६।०७१।७२ | माध्यमिक |
| २ | वि नं २७।०७१।७२ | निम्न माध्यमिक |

परीक्षाको किसिमः लिखित

परीक्षा दस्तुरः माध्यमिक तहका लागि रु ७०० र निम्न माध्यमिक तहका लागि रु ४००

दरखास्त दिने स्थानः जिल्ला शिक्षा कार्यालय

दरखास्त दिने मितिः २०७१ साल मंसीर ५ गतेदेखि २०७१ पौष ६ गतेसम्म ( दोव्वर दस्तुर तिरी २०७१साल पौष ७ गतेदेखि पौष १३ गतेसम्म )

परीक्षा मितिः निम्न माध्यमिक तहको २०७१ फागुन १६ गते दिनको १ बजे

माध्यमिक तहको २०७१ फागुन १७ गते दिनको १ बजे

परीक्षा केन्द्रः बेनी, म्याग्दी

आवश्यक न्यूनतम योग्यताः

) निम्न माध्यमिक तहको लागि प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी शिक्षा विषयमा सम्बन्धित तहको कम्तिमा दश महिने तालिम लिएको वा उच्च माध्यमिक शिक्षा परिषद तर्फ शिक्षाशाश्त्रको कक्षा ११ र १२ मा शिक्षासँग सम्बन्धित नयूनतम २०० पूर्णाङ्कको शिक्षा विषय लिइ उत्तीर्ण गरेका सवै व्यक्तिहरू उम्मेदवार हुन पाउनेछन ।

) माध्यमिक तहका लागि स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी शिक्षा विषयमा कम्तिमा १० महिने तालिम लिएको । कुनै व्यक्तिले शिक्षाशाश्त्र तर्फ माथि उल्लेखित योग्यता प्राप्त गरेको भए यस प्रयोजनका लागि तालिम प्राप्त मानिनेछ । उम्मेदवारले दरखास्त फारामका साथ नागरिकता, शैक्षिक योग्यता र तालिमका प्रमाणित प्रतिलिपी पेश गर्नुपर्नेछ ।

२. कार्यसम्पादन मूल्याङ्कन बढुवाको सूचना (७५ प्रतिशत बढुवा)

शैक्षिक सत्र २०६७, २०६८, २०६९ र २०७० को कार्यसम्पादन मूल्याङ्कन फारामको आधारमा निम्न पदहरू शिक्षक सेवा आयोग नियमावली २०५७ संशोधन सहितको व्यवस्था अनुसार ७५ प्रतिशत बढुवा कार्यसम्पादन मूल्याङ्कन द्वारा पूर्ती गर्नुपर्ने भएकोले २०७० चैत्र मसान्तसम्ममा शिक्षक सेवा आयोग नियमावलीको नियम २७ बमोजिम सम्भाव्य उम्मेदवारहरूले शिक्षक

सेवा आयोगले निर्धारण गरेको फाराम भरी २०७१।९।६ सम्म र दोब्बर दस्तुर तिरी २०७१।९।१३ सम्म यस कार्यालयमा दरखास्त दिन सूचित गरिन्छ ।

| क्र सं | सूचना नंवर | तह र श्रेणी | पदसंख्या | |
|---|---|---|---|---|
| १ | ०१।०७१।७२ | प्राथमिक द्वितीय | २ | |
| २ | ०२।०७१।७२ | प्राथमिक प्रथम | १ | |
| ३ | ०५।०७१।७२ | माध्यमिक द्वितीय | १ | |

३. आन्तरिक प्रतियोगितात्मक बढुवा २५ प्रतिशत परीक्षाको विज्ञापन

शिक्षक सेवा आयोग नियमावली २०५७ संशोधन सहितको नियम ३६ अनुसार देहायका शिक्षक पदहरू आन्तरिक प्रतियोगितात्मक परीक्षा ( लिखित, अन्तरवार्ता) द्वारा बढुवा गर्नुपर्ने भएकोले सोही नियमावलीको नियम २७ बमोजिम सम्बन्धित तहको श्रेणीमा ५ शैक्षिक सत्र ( ०७० चैत्र मसान्तसम्म ) स्थायी नोकरी अवधि पूरा गरेका शिक्षकहरुबाट देहाय अनुसार दरखास्त आव्हान गरिएकोले सम्बन्धित सवैका लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र सं | सूचना नंवर | तह र श्रेणी | पदसंख्या | |
|---|---|---|---|---|
| १ | ०७।०७१।७२ | प्राथमिक द्वितीय | १ | |
| २ | ०८।०७१।७२ | प्राथमिक प्रथम | १ | |
| ३ | ११।०७१।७२ | माध्यमिक द्वितीय | १ | |

दरखास्त दिने अन्तिम मितिः २०७१।९।६ गते र दोब्वर दस्तुर तिरी मिति २०७१।९।१३ सम्म ।

परीक्षाको किसिमः लिखित तथा अन्तरवार्ता

परीक्षा मितिः २०७१।११।१५ गते शुक्रबार दिनको १ बजे सवै तह र श्रेणीको ।

परीक्षा केन्द्रः बेनी, म्याग्दी

परीक्षा दस्तुरः प्राथमिक द्वितियका लागिः ४००

प्राथमिक प्रथमका लागिः ७००

निम्न माध्यमिक द्वितीयका लागिः ७००

माध्यमिक द्वितीयका लागिः १०००

## साक्षरता अभियानमा विद्यार्थी परिचालन सम्बन्धमा सम्पूर्ण माध्यमिक तथा उच्च माध्यमिक विद्यालयहरुलाई जिल्ला शिक्षा कार्यालय , म्याग्दीको अनुरोध

नेपालले अन्तर्राष्ट्रिय मञ्चहरुमा गरेको प्रतिबद्धता अनुरुप सन् २०१५ सम्ममा सबै निरक्षर नेपालीहरुलाई आधारभूत साक्षरता शिक्षा दिई मुलुकबाट निरक्षरता उन्मूलन गर्ने उद्देश्यका साथ नेपाल सरकारले साक्षर नेपाल अभियान कार्यान्वयनमा ल्याएको कुरा सर्वविदितै छ । यो उद्देश्य प्राप्तिका लागि हरसम्भव उपायहरु अवलम्बन गर्ने सिलसिलामा विद्यार्थीहरुको सिर्जनात्मक क्षमता पनि विकास हुने , उनीहरुले गर्नैपर्ने प्रयोगात्मक कार्य पनि पूरा हुने र साक्षरता अभियानलाई पनि टेवा पुग्ने गरी शिक्षा मन्त्रालयले माध्यमिक शिक्षा पाठ्यक्रमको पूरकका रुपमा साक्षरता अभियानमा विद्यार्थी परिचालन तथा मूल्यांकन निर्देशिका, २०७० जारी गरी कक्षा ९ र १० मा अध्ययनरत विद्यार्थी परिचालन गर्ने नीति कार्यान्वयनमा ल्याएको छ । सो निर्देशिका अनुसार विद्यार्थीहरुले आफैले रोजेका निरक्षरहरुलाई साक्षर गराउने वा निरक्षरहरुको लगत संकलन गरी सचेतना कार्यक्रम सञ्चालन गर्ने वा साक्षरता कक्षा अवलोकन गरी प्रतिवेदन पेश गर्ने वा साक्षरता कक्षामा गई कक्षा सञ्चालन गर्ने जस्ता विकल्पमध्ये कुनै एक विकल्प रोजी कार्य गर्नुपर्ने हुन्छ । यी कार्य सम्पन्न गरी निरक्षरता घटाउने उद्देश्य पूरा गर्न जिल्लाका सबै माध्यमिक तथा उच्च माध्यमिक विद्यालयहरुलाई जिल्ला शिक्षा कार्यालय , म्याग्दी निम्न अनुसारका कार्य गर्नुहुन अनुरोध गर्दछ ।

१. तत्काल कक्षा ९ र १० मा अध्ययनरत विद्यार्थी संख्या यकिन गरी उक्त विद्यार्थीहरु मध्ये त्यस विद्यालयको कार्यक्षेत्रका सम्पूर्ण निरक्षरहरुको विवरण आउने गरी निरक्षरहरुको लगत संकलनमा खटिने र आफैले रोजेका

निरक्षरहरुलाई साक्षर गराउने कार्यमा खटिने विद्यार्थीहरुको नामनामेसी विवरण छुट्टाछुट्टै तयार गरी २०७१ मंसीर मसान्त भित्रमा जिल्ला शिक्षा कार्यालयमा बुझाउने ।

२. विद्यालयमा शिक्षकहरुको बैठक राखी निर्देशिका उपर छलफल गरी विद्यार्थी परिचालन सम्बन्धी कार्य योजना तयार गर्ने ।

३. विद्यालय व्यवस्थापन समितिको बैठक राखी विद्यार्थी परिचालन सम्बन्धमा छलफल गर्ने साथै निर्देशिकाको दफा ६. ले व्यवस्था गरे बमोजिमको अनुगमन समिति गठन गर्ने ।

४. विषय शिक्षकले विद्यार्थीहरुलाई उनीहरुले गर्नुपर्ने काम र कार्यविधि सम्बन्धमा अभिमुखीकरण गराई प्रयोगात्मक परीक्षाको २५ अंक मध्ये १० अंक प्राप्त गर्न अनिवार्य रुपमा साक्षरता सम्बन्धी कार्य गर्नुपर्ने कुरा जानकारी गराउने ।

५. विद्यार्थीहरुको सिर्जनात्मक क्षमता अत्यधिक मात्रामा विकास हुने र बढी भन्दा बढी निरक्षरता घट्ने कुरालाई केन्द्रबिन्दुमा राखी विद्यार्थी परिचालन कार्य सञ्चालन गर्ने ।

६. थप जानकारीका लागि साक्षरता अभियानमा विद्यार्थी परिचालन तथा मूल्यांकन निर्देशिका , २०७० अध्ययन गर्नुका साथै जिल्ला शिक्षा कार्यालय ,म्याग्दीमा सम्पर्क गर्नुहुन अनुरोध छ ।


| प्रमुख सल्लाहकार | **सम्पादक मण्डल** | **प्राविधिक सहयोग** | **कम्प्युटर ले आउट र डिजाइन** |
|---|---|---|---|
| जि.शि.अ.घनश्याम अर्याल | वि.नि. टेकप्रसाद पाण्डे सदस्य | प्रा.स. प्रकाश गुरुङ | क. अ. विक्रम रिजाल |
| | वि.नि. विश्वप्रकाश रेग्मी - सदस्य | ना.सु महेन्द्र कुमार वि.क. | **प्रकाशक** |
| | वि.नि. दलबहादुर थापामगर - सदस्य | ना.सु. पवि थापा | जिल्ला शिक्षा कार्यालयम्याग्दी, बेनी |
| | वि.नि. झकप्रसाद गौतम - सदस्य | प्रा.स. कृष्ण प्रसाद भण्डारी | फोन नं. ०६९-५२००८१ |
| | ले.अ. जयप्रसाद सुवेदी - सदस्य | प्रा.स. नवराज पौडेल | ०६९-५२०१०५ |
| | स्रोतव्यक्ति डेकबहादुर वानियाँ - सदस्य | ख. धनबहादुर बोगटी | फ्याक्स नं. ०६९-५२०१०५ |
| | स्रोतव्यक्ति दुर्गाराम सुवेदी - सदस्य | | E-Mail: deomyagdi@gmail |